# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

७५

पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ कूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

( इतिहास–प्रधान त्रैमासिक पत्रिका )

१६ वर्ष

३ अङ्क

सम्पादक–

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक–

देवीप्रसाद भण्डारी

(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २५/–

# विषय-सूची


| | | |
|---|---|---|
| १. नियोगी जातिको पहिचान | –महेशराज पन्त | १–४ |
| २. कसाहीसम्बन्धी, ताडपत्रमा लेखिएका दशवटा लिखतपत्र | –महेशराज पन्त | ५–११ |
| ३. ज्योतिर् मल्लले गरिदिएको फाछँपत्र | –महेशराज पन्त | ११–१२ |
| ४. नियोगीसम्बन्धी थप लिखतपत्र | –महेशराज पन्त | १२–१३ |
| ५. मखनटोलको गरुडमूर्तिको पीठको शिलालेख | –महेशराज पन्त | १३–१६ |
| ६. नेपाली काँचो कागतमा लेखिएको वि. सं.१७१७ को पाटनको लिखतपत्र | –महेशराज पन्त | १६–१७ |
| ७. प्रतापसिंह शाहले ज्ञानदेव धामीलाई नुवाकोट–भैरवीसम्बन्धी पजनीको अख्तियार दिई गरिदिएको अहिलेसम्म प्रकाशमा नआएको पत्र | –महेशराज पन्त | १७ |
| ८. विद्रोहपछि वि. सं. १८५० मा लम्याङका मुखीलाई थामिदिई गरिदिइएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र | –महेशराज पन्त | १८ |
| ९. कास्की राज्यका संस्थापकको कुरा परेको, अहिलेसम्म प्रकाशमा नआएको पत्र | –महेशराज पन्त | १९ |
| १०. वि. सं. १९९५ को नेपालको राजनीतिविषयका केही अप्रकाशित पत्र | –दिनेशराज पन्त | २०–५१ |


□

# हाम्रा केही प्रकाशित कृतिहरू

## संशोधन–मण्डलतर्फबाट


| | |
|---|---|
| १. पूर्णिमा १ देखि ७५ अङ्कसम्म | ६९८।५० |
| २. अभिलेख–सङ्ग्रह १ देखि १२ भागसम्म | ७।५० |
| ३. इतिहास–संशोधन | ५०। |
| ४. सावधान–पत्र | २५। |
| ५. विद्या–रक्षा | २०। |
| ६. व्याकरण–संशोधन | ३।५० |
| ७. पञ्चाङ्ग–संशोधन | १५। |
| ८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. रत्नदीप | २।५० |
| १०. वृत्तशतक | ३। |
| ११. नेपालसंवत्‌को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |
| १२. श्री ३ महाराज पद्मशमशेरका कुरा | १२। |

# नियोगी जातिको पहिचान

—महेशराज पन्त

हाल गोपालराजवंशावली भनी कहलिएको प्राचीन वंशावलीमा नियोगीहरूको चर्चा आएको र द गोपालराजवंशावलीका कर्ताहरूले त्यो नबुझी अनर्थ गरेको कुरातर्फ द गोपालराजवंशावलीको समीक्षा गर्दा मैले औंल्याएको थिएँ । नियोगीहरू को हुन् भन्ने कुराको राम्रो जवाफ मैले त्यस निबन्धमा दिन नसके पनि पछिल्लो कालमा लेखिएका जातिनिर्णय र जातिमालामा नाय् अर्थात् कसाहीलाई नियोगी भनेको देखिएकोले ती नियोगीहरू कतै कसाही त होइनन् भन्ने कुरा मैले त्यहाँ लेखेको थिएँ । एक थरी बङ्गालीहरूको थर नियोगी भएकोले र नेवार राज्यमा बङ्गालीहरूको बसोबास भएको प्रमाण पनि पाइएकोले ती नियोगीहरू बङ्गाली मूलका त होइनन् भनेर पनि मैले त्यहाँ लेखेको थिएँ ।[१] भन्न खोजेको कुरा के हो भने द गोपालराजवंशावलीका कर्ताहरूले नियोगीको विषयमा अनर्थ गरेको पत्ता लाउँदा लाउँदै पनि नियोगी भनेका को हुन् त भन्ने विषयमा त्यस बेलासम्म मेरो दरो विचार थिएन ।

यस विषयमा आफ्नो दरो विचार नभएकोले सत्य कुरा पत्ता लाउन म लागिरहेकै थिएँ । यसै क्रममा ताडपत्रमा लेखिएका लिखतपत्र हेर्दै जाँदा नियोगीको अर्थ सौभाग्यवश लाग्न गएकोले यो निबन्ध प्रस्तुत गरिएको छ ।

पाटन गाडविहार [ गाबहाल ] का प्रधानपात्र तेजपाल वर्माले आफ्नो हकभोगको तीन रोपनीको एक चाकला र साढे दुइ रोपनीको अर्को चाकला गरी जम्मा साढे पाँच रोपनी खेत, पेंथछेविहारका जेतसिंह मुलमीलाई ने. सं. ४५७ [ वि. सं. १३९४ ] आश्विनशुक्लसप्तमीको दिन बेची लेखिदिएको राजीनामाको बेहोराबाट हामीलाई गाँठी परेको कुरामा केही प्रकाश पर्न गएको छ ।[२]

यस लिखतपत्रमा अघिल्लो तीन रोपनी खेतको चार किल्ला खुलाउँदा स एव टंकोछे नियोगि हाको खगिकस्य क्षेत्रे उत्तरत्तः अर्थात् त्यहीँ टंकोछेँका नियोगी हाको [ हाकु ] खगीको खेतदेखि उत्तर भनी लेखिएकोले मानिसको नाउँको ठीक अगाडि नियोगि र ठीक पछाडि खगि शब्द आएकाले यी दुइ पदले त्यही मानिसको बयान गरेकोमा सन्देह छैन ।

खोकनाका रत्नचन्द भावोले मेलो खगीसँग १ टंका सापटी लिएका थिए । ती मेलो खगी परलोक भएपछि थंपातमा बस्ने तिनका जुवाइँ नियोगी जिर्केसिंह खगीलाई मूल धन र ब्याजसमेत तिरी ने. सं. ७३७ [ वि. सं. १६७४ ] भाद्रशुक्लपञ्चमीको दिन रत्नसिंह भावोले लेखाई लिएको फछर्चोटपत्रबाट पनि हामीलाई चासो परेको कुरामा मदत

१. वि. सं. २०४४ मा प्रकाशित, पूर्णिमा ७२ अङ्कमा छापिएको महेशराज पन्तको द गोपालराजवंशावली सरसरी हेर्दा भन्ने निबन्ध, सो अङ्कका ४४–४७ पृष्ठ ।

२. यही निबन्धको परिशिष्टको २ सङ्ख्याको पत्र ।

मिल्न गएको छ ।[३]

अघिल्लो पत्रमा नियोगि हाको खगिको चर्चा आएको छ त यस पत्रमा चाहिँ नियोगि जिर्केसिह् षगिको चर्चा आएको छ । मानिसको नाउँको ठीक अगाडि नियोगी र ठीक पछाडि खगी शब्द यी दुवै लिखतपत्रमा आएकाले नियोगी र खगी यी दुइ पद, जजसका नाउँका अगाडि आउँछन् , तिनले त्यही मानिसको बयान गरेको हुन्छ भन्ने कुरा स्पष्ट भएको छ ।

दोस्रो पत्रमा पहिलेबाट नियोगि जिर्केसिह् षगि भनी पूरा नाउँगोता लिएको र तिनै मान्छेको नाउँ दोस्रो पटक लिनुपर्दा स येवो जिर्केसिह् षगि अर्थात् तिनै जिर्केसिह् खगी मात्र लेखिएकोले नियोगीभन्दा खगी व्यवहारमा बढी चलेको अनुमान हुन्छ । अघिल्लो पत्रमा खेतको चार किल्ला खुलाउँदा नाउँ लिइएका दुइ जना सँधियार खगिमध्ये अघिल्लाको नाउँको अगाडि नियोगि पनि राखिएको र त्यसपछि लगत्तै नाउँ लिइएका खगिको नाउँको अगाडि नियोगि नलेखिएकोले नियोगी शब्द लेखे पनि नलेखे पनि काम चल्ने रहेछ भन्ने यताबाट देखिन गएको छ ।

दोस्रो पत्रमा षगि(गी) शब्द चार चोटि दोहरिन गएको छ । अघिल्ला दुइ षगि शब्द असामीसँग ऋण बुझ्ने जुवाईंको नाउँको पछाडि र तेस्रो पटक आएको षगि शब्दचाहिँ ऋण दिई बितिसकेका ससुराको नाउँको पछाडि आएको छ । यस फछर्यौटपत्रमा साक्षी बसेका मान्छे पनि त्यही जातिका भएकाले उनको नाउँको पछाडि पनि षगी शब्द आएको छ । यताबाट पनि खगी शब्द बढी व्यापक र नियोगी शब्दमा त्यति व्याप्ति नभएको अनुमान गर्न सकिन्छ । अर्को शब्दमा भन्ने हो भने नियोगी र खगी शब्दको परस्परमा सम्बन्ध हुँदाहुँदै पनि नियोगी शब्द नलेखे पनि व्यवहार चल्ने रहेछ भनी भरखरै गरेको तर्कको पुष्टि यताबाट हुन गएको छ ।

यसो भए तापनि ने. सं. ५५० [ वि. सं. १४८७ ] आषाढशुक्लप्रतिपदाको[४] र ने. सं. ८८४ [ वि. सं. १८२१ ] श्रावणशुक्लतृतीयाको[५] लिखतपत्रमा चाहिँ नाउँको अगाडि नियोगी आई पछाडि कुनै पद नआएको र ने. सं. ७४१ [ वि. सं. १६७७ ] माघपूर्णिमाको[६] लिखतपत्रमा भने नाउँको अगाडि कुनै पद नआई पछाडि षगि मात्र आएको कुरा भनिहाल्नुपर्छ । यताबाट, कसैले नियोगी मात्र कसैले खगी मात्र लेखन पनि मन पराउँदा रहेछन् भन्ने स्पष्ट हुन गएकोले खगी शब्द बढी व्यापक थियो भनी भनिहाल्न नमिल्ने भएको छ ।

नियोगी वा खगीमध्ये जे लेखे पनि काम चल्दो रहेछ भन्ने कुरा यताबाट स्पष्ट भएको छ । तर नियोगी जहिले पनि नाउँको अगाडि आउँथ्यो र खगीचाहिँ जहिले पनि नाउँको पछाडि आउँथ्यो भन्ने कुराचाहिँ स्पष्ट बुझिएको छ ।

ठिमी वत्थटोलमा बस्ने सहिकुर नियोगि जित्रर र अभय भन्ने दुइ जना दाजुभाइलाई त्यही टोलमा बस्ने तिनी-हरूका दाजु नियेगि केशले ठिमीकै चार रोपनी एक कर्ष (चार कर्षको एक रोपनी हुन्छ[७]) खेत, ने. सं. ६९८

३. यही निबन्धको परिशिष्टको ७ सङ्ख्याको पत्र ।

४. सोही परिशिष्टको ५ सङ्ख्याको पत्र ।

५. सोही परिशिष्टको १० सङ्ख्याको पत्र ।

६. सोही परिशिष्टको ८ सङ्ख्याको पत्र ।

७. वि. सं. २०२१ मा प्रकाशित पूर्णिमा १ अङ्कमा छापिएको, शङ्करमान राजवंशीको कर्षको अर्थ भन्ने निबन्ध, सो अङ्कका ३०–३३ पृष्ठ ।

[ वि. सं. १६३४ ] मार्गकृष्णअष्टमीको दिन बेची लेखिदिएको राजीनामाको बेहोराबाट पनि नियोगीको पहिचान-मा केही मदत पुग्न गएको छ ।[८]

यस पत्रमा खेत बेच्ने माःछेलाई सहेकुर ददा नियेगि केस अर्थात् सहेकुलका, दाजु नियोगी केश भनेर लेखिएको छ त खेत किन्नेहरूलाई सहिकुर नियोगि जित्रर अभय निमं फुकिज अर्थात् सहिकुलका नियोगी जित्रर र अभय दुइ जना दाजुभाइ भनी बयान गरिएको छ । यस लिखतपत्रमा साक्षी बसेका मानिसलाई सहेकुर किज नियोगि मिलुसिंह अर्थात् सहेकुलका, भाइ नियोगी मिलुसिंह भनी लेखिएको छ । आफ्ना दाज्यूसँग दुइ जना भाइले खेत किन्दा अर्का भाइ साक्षी बसेको कुरा यताबाट स्पष्ट भएको छ ।

खेत बेच्ने दाज्यूको नाउँको अगाडि सहेकुर नियेगि, खेत किन्ने भाइहरूको नाउँको अगाडि सहिकुर नियोगि र साक्षी बस्ने भाइको नाउँको अगाडि सहेकुर नियोगि भनी लेखिएकोले यी नियोगीहरू सहे वा सहि कुलका रहेछन् भन्ने स्पष्ट भएको छ ।

सरस्वतीगोष्ठमा बस्ने, गौपालक मदनजीव खगी र उनका भतिजा जयपाल खगीले आफ्नो हक भोगको खेत बेची ने. सं. ४५४ [ वि. सं. १३९१ ] आश्विनशुक्लसप्तमीको दिन लेखिदिएको राजीनामाको बेहोरा पनि यस सन्दर्भमा हामीलाई उपयोगी भएको छ ।[९]

हामीलाई काम लाग्ने अर्को लिखतपत्र ने. सं. ४९२ [ वि. सं. १४२९ ] ज्येष्ठशुक्लचतुर्थीको छ । धंगुगोष्ठका गौपालिक गोपाल भावोले खोकनाका राम भावोलाई खोकनाको चार रोपनी खेत बेचेको बेहोरा यस लिखतपत्रमा छ । धंगुगोष्ठमा बस्ने, गोपालिक कितपाल खगी यस पत्रमा साक्षी बसेका छन् । राम भावोलाई खेत राजीनामा गरेर दिने गोपाल भावोका यी तेजपाल खगी, स्वगोत्र बबी अर्थात् आफ्नो गोत्रका, नातेदार हुन् भन्ने कुरा पनि यहाँ खुलाइएको छ । गौपालिक गोपाल भावो पनि, आफ्नो गोत्रका, नातेदार गोपालिक कितपाल जस्तै खगी नै हुन् भनी भन्न नसकिने होइन ।[१०]

यस्तै उपयोगी अर्को लिखतपत्र ने. सं. ५४५ [ वि. सं. १४८२ ] वैशाखशुक्लपञ्चमीको छ । थ्वंगुगोष्ठमा बस्ने, छोरासमेतका गोपालिक चन्दपाल खगीले खोकनाका, भाइसमेतका सूरज भावोकहाँ आफ्नो हकभोगको चार रोपनी जग्गा पाँच वर्षको लागि बन्धक राखी उनीसँग सुवर्णदम्म शिवका तीन कर्ष सापट लिएको बेहोरा यस पत्रमा लेखिएको छ ।[११]

---

८. यही निबन्धको परिशिष्टको ६ सङ्ख्याको पत्र ।

९. सोही परिशिष्टको १ सङ्ख्याको पत्र ।

मूल पत्रमा श्रीसरस्वतीगोष्ठाधिवासिन गौपालक मधनजीव खगिस [ श्रीसरस्वतीगोठमा बस्ने, गाई पाल्ने मदनजीव ] लेखिंदा लेखिंदै र वि. सं. २०४० मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शंकरमान राजवंशीको भूमिसम्बन्धि तमसुक ताडपत्रको १ भागको २७ पृष्ठमा पनि श्री सरस्वती गोष्ठाद्धिवासिन भन्ने पाठ छापिँदा छापिंदै पनि त्यस पत्रको विषयमा लेख्दा भने यहाँ स्वरस्वती गोष्ठीको उल्लेख छ भनी त्यहाँ लेखेकोले गोष्ठ अर्थात् गोठलाई गोष्ठी अर्थात् गुठी सम्झी (७२ पृष्ठ) सम्पादकजी संशोधन गर्न पुगेका देखिन्छन् ।

१०. सोही परिशिष्टको ३ सङ्ख्याको पत्र ।

११. सोही परिशिष्टको ४ सङ्ख्याको पत्र ।

जातिविशेषका मानिसको नाउँको अगाडि नियोगी र पछाडि खगी पद आउँथे, नियोगीभन्दा खगी पद बढी चलनचलतीमा थियो, यिनीहरू सहे वा सहि वंशका थिए, यिनीहरू गोष्ठ अर्थात् गोठमा बसी गोपालक/गोपालिक/गोपालिक अर्थात् गाई पाल्ने पेशा पनि गर्थे भन्ने कुरा यतासम्मका कुराबाट छर्लङ्ग भएको छ।

वि. सं. १६३४ को लिखतपत्रमा नियोगीलाई सहि/सहे कुलका भनी लेखिएकोले यस विषयमा प्रामाणिक ढङ्गले बोल्न हामी बढी समर्थ भएका छौं। कुरा के भने जातिनिर्णयसम्बन्धी लेखोट पुस्तकहरूमा नियोगीको अर्थ नाय् अर्थात् कसाही भनी गरिएकोले र एक थरी कसाहीहरूले आजभोलि आपनो थर साहि/शाहि लेख्ने गरेको देखिएकोले र वर्तमान साहि शब्दको पूर्वरूप सहि/सहे हुन सक्ने हुनाले नियोगीहरू कसाही हुन् भन्ने कुरामा नियोगीको विशेषणको रूपमा आएको सहि/सहेकुर भन्ने पदले पनि बल मिलेको छ भनी निर्धक्क भन्न सकिन्छ।

वि. सं. १३९१, १४२९ र १४८२ का लिखतपत्रबाट खगीहरूले गोठ राखी गाई पाल्ने काम पनि गरेको देखिएकोले र आजसम्म पनि कसाहीहरूको पेशामध्ये एक गोठ राखी गाई पाली दूध बेच्ने भएकोले पनि खगीहरू कसाही हुन् भनी भन्न सकिन्छ। ने. सं. ८४८ [ वि. सं. १७८५ ] श्रावणकृष्णपञ्चमीको लिखतपत्रको पनि यस प्रसङ्गमा चर्चा गर्नुपरेको छ। पाटन च्यासलटोलका, भाइसमेतका तेजराम खड्गी (मूलमा खड्गि) ले आपनो हकभोगको दुइ रोपनी खेत, पाटनकै विष्णुसिंह भावोलाई बेचेको बेहोरा त्यहाँ लेखिएको छ र त्यस लेनदेनमा तेजरामका काका धनचा खड्गि साक्षी राखिएका छन्।[१२]

आजभोलि एक थरी कसाहीहरूले आपनो थर खड्गी लेख्ने गरेको देखिएकोले वि. सं. १७८५ को भरखरै माथि चर्चा गरिएको लिखतमा आएको खड्गि पदले कसाहीलाई नै बुझाएको हो भनी भन्न सकिन्छ। वि. सं. १३९१, १३९४, १४२९, १४८२, १६७४ र १६७७ का लिखतपत्रमा आएको खगि/षगि पदले कसाहीलाई बुझाएको कुरा भरखरै माथि सिद्ध गरिएको र यस खड्गि पदले पनि कसाहीलाई नै बुझाएको देखिएकोले खगि र खड्गि यी दुइ पदको परस्परमा सम्बन्ध भएको देखिएको छ। यसो भए तापनि पुराना लिखतमा खगि र पछिल्लो लिखतमा चाहिं खड्गि पद देखिएकोले खड्गिको डकार हराई खगि बन्न गयो भनी भन्न भने सकिएको छैन।

यतासम्मका कुराबाट गोपालराजवंशावली भनी आजभोलि कहलिएको वंशावलीमा चर्चा गरिएका नियोगीहरू कसाही नै रहेछन् भन्ने कुरा छर्लङ्ग भएको छ।

□

---

मूलमा थ्वंगुगोष्ठाद्धिवाशिनः भन्ने लेखिंश लेखिंदै पनि वि. सं. २०४४ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, अभिलेख ५ अङ्कमा छापिएको पूर्णरत्न वज्राचार्यको भूमिसम्बन्धी केही तमसूक–ताडपत्र भन्ने निबन्ध, (सो अङ्कका ५५–५६ पृष्ठ) मा थ्वंगु गोष्ठीद्धिवाशीन : (५५ पृष्ठ) भन्ने अशुद्ध पाठ छापिएको छ र तदनुसार थ्वंगु गोष्ठी बस्ने भनी अर्थ गरिएको छ (५६ पृष्ठ)।

१२. सोही परिशिष्टको ९ सङ्ख्याको पत्र।

परिशिष्ट

# कसाहीसम्बन्धी, ताडपत्रमा लेखिएका दशवटा लिखतपत्र

(वि. सं. १३९१, १३९४, १४२९, १४८२, १४८७, १६३४, १६७४, १६७७, १७८५, १८२१)

— महेशराज पन्त

(१ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ४५४ [ वि. सं. १३९१ ] आश्विनशुक्लसप्तमी छ । मूल ताडपत्र, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको पत्रसङ्ख्या ११६ हो र ८ सङ्ख्याको बट्टामा यसलाई राखिएको छ । यस प्रकारका अरू धेरैजसो लिखतपत्रहरूमा जस्तै, यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको गोलो छाप छ । तर छापको अक्षर स्पष्ट छैन । दायाँपट्टि ताडपत्र च्यातिएकोले पाठ खण्डित छ ।

काठमाडौँबाट वि. सं. २०४० मा श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको भूमिसम्बन्धि तमसुक ताडपत्र १ भागका २७–२८ पृष्ठमा यो ताडपत्र छापिए तापनि पाठ उतार्दा राम्ररी नउतारिएकोले त्यहाँ छापिएको पाठ ठाउँठाउँमा भ्रमोत्पादक छ । त्यसैले मूलसँग रुजू गरी यथार्थ पाठ यहाँ दिइएको छ । ताडपत्र च्यातिई नष्ट भएका अक्षरको पुनरुद्धार (     ) कोष्ठभित्र हाली गरिएको छ ।

मूलपाठ

१. ᳵ श्रेयोऽस्तु ।। सम्वत् ४५४ अश्विनी ।। शुक्ल ।। सप्तम्या ।। श्रीसरस्वतीगोष्ठाद्धिवासिन ।। गौपालक मधनजिव खगिस भ्रातु प्वत्र जयपाल खगि द्वयो नांमन शुकीयं सुवृजमानिकं ।।... (सका-)

२. सात् ।। वंटाक्षत्रनामप्रदेशे ।। जसराम भारोस क्षत्रे पश्रिमत ।। धनिकीयक्षत्रे पश्रिम उत्तरत ।। नंद्या शिमाया पूर्व्वत जितिजिव भारो भ्रातु सह क्षेत्र दक्षिणत एतन्मध्ये वंटाक्षत्रस...

३. देस (कालप्रव)र्तमानसंचाराधेन मूलमादाय क्रयविक्रयस्वाधीनेन क्रयेन विक्रयत भवति ।। जदि देवकराचित... धारकस्य निमितेन क्षत्र संखटव्यावादकाले धार्ण्णकेन स्वयं सोध्य ।। ...

(२ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ४५७ [ वि. सं. १३९४ ] आश्विनशुक्लसप्तमी छ । मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई १९६१/६३ हो । यसमा पनि बायाँपट्टि माथिल्लो

छेउमा माटाको गोलो छाप छ। त्यस छापमा सबभन्दा माथि मनि, त्यसभन्दा मुनि बायाँ ग, बीचमा श्री र दायाँ ल अक्षर छन्। छापका यी अक्षर मिलाएर पढ्दा श्रीमनिगल भन्ने पाठ बन्छ। यो लिखतपत्र अहिलेसम्म प्रकाशित भएको थिएन।

मूलपाठ

१. ꣸ श्रेयोऽस्तुः ॥ सम्वत् ४५७ अशुनीशुक्लसप्तम्यायां॰ ॥ श्रीललितब्रुमायां॰ श्रीमानेग्रहकं ॥ श्रीदक्षिनविहारे गाडविहार कुटुम्बज प्रधानपात्र श्रीतेजपालबर्मनेन स्वकीयं भुवुजुमानिक॰ ॥ श्रीवंकुथाने वंथौ वकु श्रीपंथछेविहारे जेतशीह मुलमीस नाम्ना सकाशात: ॥ डेलंक्षेत्रनामप्रदेशे ॥ पितिगलविहार योटा बिनी थंकादीकस्य क्षत्रे पश्चिमतः ॥

२. स एव टकोछे नियोगि हाको खगिकस्य क्षेत्रे उत्तरतः ॥ किरातसजु खगिकस्य क्षेत्रे पूर्व्वतः ॥ श्रीवंखाविहार भिक्षु श्रीपारजुस क्षेत्रे दक्षिनतः ॥ एतत्मद्धे त्रयरोपनिकःयेतक्षेत्र रोव ३ भूय स एव नामडेलंक्षेत्रप्रदेशेः ॥ श्रीग्वाछेविहार भिक्षु श्रीअभेराम नायकहिस क्षेत्रे पश्चिमत ॥ श्रीनोगल केश मुलमीस क्षत्रे उत्तरतः ॥ ब्यहुत मार्ग्गशिमा-

३. या पूर्व्वतः ॥ तत्रेव थाने अमतकेश भारोस क्षत्रे दक्षिनतः ॥ एतत्मद्धे सार्द्धसह द्वयरोपनिकःयेत-क्षेत्र रोव २ ॥ द्वय क्षेत्र सकर्ष भोग्य॰ ॥ तद्यथा नग्रे सञ्चारार्घेन यथोचितमूल्यमादाय क्रयविक्रय-स्वादीनै क्रयेन विक्रीतम्भवतिः ॥ यदि सत्यादेवकराचित सङ्कटव्यावादे धार्ण्णकपात्रेन सोध्य ॥ अत्र साक्षि टकोछविहार श्रीजम्पुठि भारोस मेक दृष्ट ॥

(पछाडिपट्टि)

१. ꣸ डेलंक्षेत्र द्वय क्रयपत्रः ॥ प्रते श्रीजटलं व्य-
२. नमाल पोलेस ॥ हेङ्ग जुरोः ॥ शुभ : ॥

## (३ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ४९२ [ वि. सं. १४२९ ] ज्येष्ठशुक्लचतुर्थी छ। मूल ताडपत्र, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको क्रमसङ्ख्या ९५७ हो र ६५ सङ्ख्याको बट्टामा यसलाई राखिएको छ। यसमा पनि बायाँपट्टि माटाको गोलो छाप छ। छापमा श्री अक्षर लेखिएको छ। यो पत्र पनि अहिलेसम्म प्रकाशित भएको थिएन।

मूलपाठ

१. ꣸ श्रेयोऽस्तु ॥ सम्वत ४९२ जेष्टशुक्लः ॥ चतुर्थ्यां तिथौ ॥ वंथौ ह्वखनाग्रामविखये ॥ वंथोडुड येकुलिगृहाद्धिवाशिनौ ॥ राम भावोनाम्नेन सकाशात् ॥ धंगुगोष्ट गौपालिक ॥ गौपाल भावो-नाम्नेन स्वकीयं स्ववूज्यमानिक॰ ॥ बंबीक्षेत्रनामप्रदेसे ॥ स ऐव ह्वखना ॥ जोतूकीयक्षेत्रे पश्चिमत ॥ स

२. एव धंगु ॥ जगराम भावोकीयक्षेत्रे उत्तरत ॥ स एव ह्वखना रली भावोकीयक्षेत्रे पूर्वत ॥

श्रीपिवक्वन्हमखण्डवत्तीक्षेत्रे दक्षिणत ।। ऐततमद्धे चतुरोपनिकं यतक्षेत्र रोव ४ ताक्षेत्र कर्ष परिभोज्ञ०‸ तद्यथानगरप्रवर्त्तमानसञ्चाराघेण । यथोचितमूल्यमादाय क्रयविक्रयस्वादी-

३. नेन तेनानिवर्त्तक०‸ न्यायेन क्रयेन विक्रीतम्भवत्ति ।। ताक्षेत्र सत्या देवकराचितविना संकट-व्यावादकाले । तदा धार्ण्णकेन सोध्यनिय०‸ ।। अत्र पत्राथे साक्षि स ऐव धंगुगोष्ट गोपालिक स्वगोत्र बबी कितपाल खगीस मेक दृष्ट ज्ञाता श्वप्रमानमिति : ।। शुभमसतु ।। शुभेति ।।

(पछाडिपट्टि)

१. ꣸ हृ ङध्व क्षेत जाव बंबिक्षेत्र रोव छि १ भागीसिह भावोया भाग
२. क्रयण बिय धुंग्व ।। सम्वत् ८८१ फाल्गुणशुद्धि ९ शुभं ।।
३ बंबीबू रोव ४ क्रयपत्रः ।।

(४ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ५४५ [ वि. सं. १४८२ ] वैशाखशुक्लपञ्चमी छ । मूल ताडपत्र नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको पत्रसङ्ख्या ९७६ हो र ६६ सङ्ख्याको बट्टामा यसलाई राखिएको छ । यसमा पनि बाँयापट्टि माटाको छाप छ । त्यस छापमा माथि दायाँ बायाँ चन्द्र सूर्य देखिन्छन् र त्यसभन्दा तल बीचमा श्री अक्षर छ ।

केही वर्षअगाडि यो लिखतपत्र मूलबाट मैले उतारेको थिएँ । काठमाडौंबाट वि. सं. २०४४ मा श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, अभिलेख ५ वर्षमा छापिएको, पूर्णरत्न वज्राचार्यको भूमिसम्बन्धी केही तमसूक–ताडपत्र भन्ने निबन्धमा यो लिखतपत्र छापिएको छ (५५–५६ पृ८५) । तर त्यहाँ छपाइएको पाठ अत्यन्त भ्रष्ट भएकोले मूलसँग एकपल्ट फेरि रुजू गरी यथार्थ पाठ यहाँ दिएको छु ।

मूलपाठ

१. ꣸ श्रेयोऽस्तु ।। सम्वत् ५४५ वैशाखशुक्लःपञ्चम्यायां०‸ ।। खखना वंथोदेश यंथो डुदुं यंटागृह-बाशिनः सूरज भावोकस्य भातृसहस सहानुमतेन नामना सकाशात् ।। ध्वंगुगोष्ठाद्धिवाशिनः गोपालिकः चन्दपाल खगीकस्य पुत्र सहस नामनेन स्वकीयं स्वभुज्यमानिक०‸ ।। ध्वंगु द्वलकोबुक्षेत्र-नामप्रदेशे ।। श्रीदक्षिणविहारे श्रीपात्रकुह्ला सुदिस वस्तुक्षेत्र पश्चिमतो

२. उत्तरतो पूर्व्वतो दक्षिणतश्च ।। एतत्मध्ये पूर्व्वदिशे प्लुत सहेन चतुररोपिनीकं यत्क्षेत्र बु रोवाङ्क रोव पि ४ तत् क्षेत्र सर्वक०‸ पञ्चवर्षाब्दिना बन्दक तेनोदिश्य तेन गृहीतः । तत् सुवर्ण्णबस्म सिवकात्रय ऋषाकृत ऋष स्वं ३ आवदि वर्ष ५ तत्सुवर्णोपवृद्धि स्यात् ।। ताक्षत्र भोग लब्दिमात्रं‸ सकर्षकं‸ स्मपरिभोग्यं‸ ।। देविकराजिकविना सङ्कु व्यावादका-

३. ले तदा धार्ण्णकेन स्वयम्प्रतिसोधनिय०‸ ।। अत्र पत्रार्थेः साक्षिः श्रीयङ्गं वंलालंकोछें वंथछें वंटागृहाद्धिवास्तव्यः जोतिमूल्मीसः ।। श्रीखवाटबहार यंटागृहाद्धिवास्तव्य मनु मुल्मीसः ।। स यव खखना यथो डुदुं यंटागृहबाशिन ह्मन्तु भावोसः ।। एते त्रय दृष्टेति ।। शुभ ।। ध्व बु धार्णकस्य भोगण ज्वङ तापति पो । स्मेत रनिमुव छह ।। शुभ ।।

(पछाडि पट्टि)

स्वंगुं द्वलको बु आवदिपत्र ।।

## (५ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ५५० [ वि. सं. १४८७ ] आषाढशुक्लप्रतिपदा छ । यस पत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या, ई ११०९/१२ छ । यसमा पनि बायाँपट्टि माथिल्लो छेउमा माटाको गोलो छाप छ । तर माइक्रोफिल्ममा छापको चित्र स्पष्ट आएको छैन । यो लिखतपत्र अहिलेसम्म प्रकाशित भएको थिएन ।

मूलपाठ

१. ꣸ श्रेयोऽस्तु ।। सम्वत् ५५० आषाढशुक्लप्रदिपद्या श्रीखप्वभुमाया , श्रीबादिमस्थाने , योलटोलके वास्तव्य , कुह्नदोल नियोगि जसरामनामन्यकस्य सकासात् अत्रेव स एव स्थाने गह्लछेंटोल अखय मुलमीस नामन्यकेन स्वकीयं

२. स्वभुज्यमानकं थानस्य उतरदिसप्रदेसे रामचन्द मुलमीस क्षेत्रे पच्छिमत , ग्राहकस क्षेत्रे उतरत , श्रीश्रीराजकुलक्षेत्रे पूर्व्वत , दषिनत , एतत्मधे दुवडोवलनामसंज्ञक० , क्षेत्राक रोव छि १ तत क्षेत्र जथादेसकाल , प्रवर्तमान-

३. क० , तथा सचारार्घेन स्ववर्ण्णमुलमादाय , क्रयविक्रयस्वाधिनेन , तवेनानिभुतुकन्यायेन क्र न विक्रीयत० , भवति , जदि स्या देवकराजिकव्याघातपर० , तदा धार्ण्णकेन स्वयं परीसोधनियं , आत्राथे दृष्टसुतज्ञातार साखि

४. गह्लछेंटोल क्षासप्त मुलमीस अढिकलाछ्ठ तातुभास , लेषिक देवज्ञ मनिकराम एते त्राभय पुरुष प्रप्रमान , सुभमस्तु सर्व्वदा ।। दछिटोया आमु मुलमील कलक जुरो० , अंक पुरानदम्म जिमसो दाम १३ शुभ ।।

## (६ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ६९८ [ वि. सं. १६३४ ] मार्गकृष्णअष्टमी छ । मूल ताडपत्र, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको क्रमसङ्ख्या ८५३ हो र ५८ सङ्ख्याको बट्टामा यसलाई राखिएको छ । यसमा पनि बायाँपट्टि माटाको छाप छ । तर छाप फुटेकोले श्री अक्षर खण्डित भएको छ । यो लिखतपत्र अहिलेसम्म प्रकाशित भएको थिएन ।

मूलपाठ

१. ꣸ शुभ श्रीयोऽस्तु , सम्वत ६९८ मार्गश्रीमासे कृ(ष्णप)क्षे · , अस्तम्यया० , श्रीयेमि मधेस्थाने · , ववथतोर · , ग्रहादिवासिनां · , चष्वाक · , वंताग्रहवास्त्रव्यं · , ग्रहाक · , सहिकुर · , नियोगि , जित्रर · , अभय · , निमं फुकिजस्य नाम्नां सकासात्त् · , शुदिस · , यंताग्रहवास्त्रव्यं · , धार्ण्णक · , सहेकुर · , दवा नियेगि · , केस · , नाम्नेकेन शुक्रियं शु[१]भुजमानक० , थानसे उत्रदिस प्रध्यस्य प्र...

---

१. शु. माथि थपिएको छ ।

२. पश्चिमत्त , ग्रहाकस क्षत्रेन उतरत्त., पूव्वत्त., धसिमाया दषिनतश्च., यतेमधेय., थंथ्वकोद्वर-क्षेत्रनामसंज्ञकं , तस्य क्षेत्राङ्क रोनिक चतु रोव ४ कष १ धरनथा ब्वाकन तंङान[२] जुरो , ततक्षेत्र जथादेसकारप्रवतमानस्तथा संचारायघेर्ण्ण शुवर्णमुरमादाय क्रयविक्रयश्चहाधिनेन क्रयन[३] विक्रयतं भति., ज तस्या देविकराजिकप्रव्यावादकाले तदा धानकेन पलिश्वधनि(यश्च)

३. दृष्टसाषि., सहेकुर किज नियोगि., मिलुसिंह., मेक लिषिति जिवनराज करत शुभ ।।

### (७ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ७३७ [ वि. सं. १६७४ ] भाद्रशुक्लपञ्चमी छ। मूल ताडपत्र, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। केही वर्षअगाडि मूलबाट सारिएको यस लिखतपत्रको उतारमा यसको क्रमसङ्ख्या ९८४ हो र ६७ सङ्ख्याको बट्टामा यसलाई राखिएको छ भनी लेखिए तापनि अहिले रुजू गर्न जाँदा त्यस क्रमसङ्ख्या र बट्टामा अर्कै ताडपत्र राखिएकोले पहिले टिपिएको सङ्ख्या अशुद्ध रहेछ भन्ने देखिन गएको छ। हाल ताडपत्र फेला पार्न नसकिएकोले पाठ रुजू गर्न सकिएन। यो लिखतपत्र पनि अहिलेसम्म प्रकाशित भएको थिएन।

मूलपाठ

१. ՟ सम्वत् ७३७ भाद्रपदशुद्धि ५ खोखना तवदेश गाडबु मूल लं यंताछे रथनचन्द भावोन थंपात तकछें नियोगि

२. जिकेसिंह षगियाके निस्ताल चोस्य काल याङा भाष थ्वते भाषा स येवो जिकेसिंह षगिया ससुरपिता दिवंगत

३. मेलो षगियाके स येवो रथनचन्द भावोन दाम छ टंका जाके चोकन त्याङ तयास अव मूलनो चोकनों

४. रथनचन्दन जिकेसिंह षगि पुरन पाचकं धुंग्व उदारपति वेहेरपं मदो धालङान निस्ताल चोस्यं काया उदारपति गेह रसनों अकर्ण्ण जुरो साक्षि ।। स येवो गाडबु हाकु दोथ षगो दृष्ट ।। शुभ ।। ।।

### (८ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ७४१ [ वि. सं. १६७७ ] माघपूर्णिमा छ। यस पत्रको माइक्रोफिलम, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई १८८८।५ हो। यस लिखतपत्रमा छाप छैन। यो लिखतपत्र पनि अहिले-सम्म प्रकाशित भएको थिएन।

मूलपाठ

१. ՟ संम्वत् ७४१ माघशुद्धि १५ ह्नवोडोल यंतागृह बानोल षगिया हस्तोद्धार ओहो दाम सा

२. ¯द्वाय शुकि टंकाक तव शुकि टंका नसि २ तस्य वर्षप्रति कलन्त्र दाम शुकि[४] टंकाया सा -

---

२. पहिले लेखेको मेटी °ङान लेखिएको छ।

३. °न माथि थपिएको छ।

३. हि शुकि टंका नसि २ थ्वते धारे थने जुरो ¸ निबन्दक शायत दाम शुकी टंका प्रत्यघ -
४. रसार बयस त्याङा धनि ¸ सकोबाहार श्रीगुणदेवजुप्रमूषन गाथसमूचयन ¸ साक्षि

(दायाँपट्टि छेउमा)
१. चन्द्रकेतजुस
२. मेक दृत्र
३. शुभ ।।
(पछाडिपट्टि)
१. बानोर षगि
२. ।।

(९ सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ८४८ [ वि. सं. १७८५ ] श्रावणकृष्णपञ्चमी छ । यस पत्रको माइक्रोफिलम, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई १०६८।४५ हो । यो लिखतपत्र पनि अहिलेसम्म प्रकाशित भएको थिएन ।

मूलपाठ

१. ॐ श्रेयोऽस्तु ।। सम्वत ८४८ श्रावणकृष्णपंचम्यान्तिथौ श्रीललितब्रुमायां श्रीमानीग्लात्पूर्व्वस्य यम्बलंमगुडि तुंथिगलछेर्नानि यौतागृह विष्णुसिंह भावोया नाम्ना सकासात् ।। च्याशल्ठ्वाकासि लं यन्तागृह त्येजराम खड्गि[५]या भ्रात्य सहया नाम्नेन स्वक्रीयं स्वभुज्यमानिकं ।।
२. बाहालिबिक्षेत्रनामप्रदेशे ¸ गुथिया क्षेत्रेण पश्चिमोत्तरतः ।। श्रीलक्ष्मीनारायण भारोस क्षेत्रेणोत्तरतः मार्ग्गेण पूर्व्वतः महाबुद्धगुथिया क्षेत्रेण दक्षिणतश्च ¸ एतन्मध्ये तत्क्षेत्र द्वयो रोपनिकं रोब नसि २ यथानग्लकालप्रवर्त्तमानस्तथा संचा -
३. रार्थेन यथोचिन्मूल्यमादाय क्रयविक्रयस्वाधिनावर्त्तकन्यायेन क्रयेन विक्रयत्तं भवति यदि स्या दैविकराजिकं विना यदि शंकटविवादादिकं स्यात्तदा धार्ण्णकेन परिसोधनीयं अत्र पत्रार्थे साक्षि धार्ण्णकस्य पितृव्य धनचा खड्गि[५] दृष्ट ।। क्री -

(पछाडिपट्टि)

१. ष्न सर्व्वसोधान पूरण पाचकं धुंव जुरो ।। शुभं ।।

(१० सङ्ख्या)

यस लिखतपत्रको मिति, ने. सं. ८८४ [ वि. सं. १८२१ ] श्रावणशुक्लतृतीया छ । यस पत्रको माइक्रोफिलम, नेपाल राष्ट्रिय अभिलेखालयमा छ । यसको रीलसङ्ख्या ई ६७०।२६ हो । माइक्रोफिलम राम्ररी नखिँचिएकोले पाठ अलि अपूर्ण छ । यो लिखतपत्र पनि अहिलेसम्म प्रकाशित भएको थिएन ।

---

४. शुकि तल खाली ठाउँमा थपिएको छ ।

५. मूलमा खड्गिको ड् र ग जोल्टाएर लेखिएको छ ।

मूलपाठ

१. स्वस्ति ।। सम्वत् ८८४ श्रावणमासे शुक्लपक्षे ।। तृतीयां तिथौ ।। श्रीमत्कान्तिपुरमहानगरे ।। श्रीयम्बुसुवर्णपनारिमहास्थाणे श्री ति -
२. नके ।। तेओदतोल ग्वसिफलेर यौताछे नियोगी धर्मसिहन बुया ।। कमिलाछेत्रोल जमर-बाहार वंता दुथछे अयतिन हेङा ।।
३. जर्यसिहया बुन (यौ)ता गुथिया बुन यता ।। मनिया बुन यिता ।। थुति चतुराघातन दु जिदोलं र चुर २ थ्वति त्वाक पतिन सुक्रीविक्री त -
४. नं हेङा ।। प्रसि घरसार बयस हेङा ।। दृष्टशाक्षि भातृ गुणवंत ।। सूरक टं १३ ङयारे ।। शुभ ।।

□

# ज्योतिर् मल्लले गरिदिएको फार्छेपत्र

–महेशराज पन्त

वि. सं. २०४२ चैत्रमा छापिएको **पूर्णिमा** ६७ अङ्कका ४२–४६ पृष्ठमा **यक्ष मल्लले गरिदिएका दुइवटा ताडपत्र** भन्ने मेरो निबन्ध छापिएको छ। त्यहाँ मैले ने. सं. ५९३ [ वि. सं. १५३० ] वैशाखशुक्लसप्तमी र ने. सं. ६०१ [ वि. सं. १५३८ ] द्वितीयाषाढकृष्णचतुर्थीका दुइवटा लिखतपत्र छपाएको छु। ती दुवै पत्र जग्गा बेची राजा यक्ष मल्लले गरिदिएका फार्छेपत्र हुन्।

यक्ष मल्लभन्दा अगाडिका राजाका त्यस्ता लिखतपत्र त्यस वेलासम्म नपाइएकाले

> **यक्ष मल्लका बाबुबाजेका लेनदेनसम्बन्धी यस्ता पत्र नपाइएकाले र उनकै पनि अघिल्लो समयका यस्ता पत्र नपाइएकाले नेपालको इतिहासका विद्यार्थीहरूको लागि यी पत्र निकै चाखलाग्दा हुन गएका छन्।**
>
> (४४ पृष्ठ)

भनी मैले त्यस वेला लेखेको थिएँ। अहिले खोज्दै जाँदा यक्ष मल्लका बाबु ज्योतिर् मल्लको पनि त्यस्तो लिखतपत्र भेट्टिएकोले त्यो पत्र यहाँ छपाउँदैछु।

यस लिखतपत्रको मिति, ने. सं. ५४० [वि. सं. १४७७] वैशाखशुक्लपञ्चमी छ। मूल ताडपत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २२५२/१८ हो। त्यस ताडपत्रमा बायाँपट्टि माथिल्लो छेउमा एकमुनि अर्को गरेर लहरै माटाका, चारैतिर थोपैथोपा भएका, ३ वटा गोला छाप छन्। सबैभन्दा माथिल्लो छापमा बायाँ श्री, त्यसमाथि सूर्य, दायाँ श्री, त्यसमाथि चन्द्र र तल त्रिशूल छन्। बीचको

छापमा बायाँ **श्री**, त्यसमाथि सूर्य, दायाँ पनि **श्री**, त्यसमाथि चन्द्र र बीचमा खड्ग छन्। तल्लो छेउको छापको माथि बायाँ **श्री**, त्यसमाथि सूर्य, दायाँ **श्री**, त्यसमाथि चन्द्र, बीचमा खड्ग र त्यसको तल चार अक्षर जति छन्। माइक्रोफिल्ममा ती अक्षर स्पष्ट नआएकाले पढ्न सकिएन। ठिमीका अनन्त मुलमीलाई ३ रोपनी जग्गा बेची ज्योतिर् मल्लले गरिदिएको यो फार्छेपत्र अहिलेसम्म प्रकाशित भएको थिएन।

मूलपाठ

१. ॐ शुभ ।। श्रीश्रीजयजोति मल्लदेव प्रभु ठाकुरसन ˎ -। थेँम थंयोटोल ˎ पसलछेँ ˎ अनंत मुलमी ˎ प्रशादापा ˎ एंदगाह्ल बु रोव ३ थ्व बु

२. अखया ˎ मकप्तियाके ˎ गबन्दक जोंङा ˎ थ्व बु नाठि दुं बिस्व ˎ थ्व बुया पोसक्त डोह्रपं ˎ क्रयबिक्रयन ˎ प्रशादारपा जुरो० ˎ चा-

३. त्राघाट ˎ वंथो ˎ येथो ˎ योथो ˎ श्रीराजकुलबु ˎ यंथो जयपति दुवारया बु ।। थ्व बुया ˎ वा साल मकेग्व -। थ्वतेया दृष्ट-

४. साखि जयतराज अपासे भारोश ˎ आखर कायस्त हरसराज ˎ या ˎ एते प्रमानमिति -। सम्वत ५४० वैशाषशुद्धि ५ शुभ ।।

□

# नियोगीसम्बन्धी थप लिखतपत्र

—महेशराज पन्त

कसाहीसम्बन्धी, ताडपत्रमा लेखिएका दशवटा लिखतपत्र भन्ने निबन्ध आधाआधा छापिइसकेपछि नियोगीसम्बन्धी अर्को एउटा लिखतपत्रमा मेरो आँखा परेकोले त्यसलाई यहाँ प्रकाश गर्दछु।

यस लिखतपत्रको मिति, ने. सं. ५७७ [ वि. सं. १५१४ ] श्रावणकृष्णदशमी छ। यस पत्रको माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ तापनि यसको रीलसङ्ख्या अहिले पत्ता लाउन सकिएन। यस पत्रमा छाप छैन। यो लिखतपत्र अहिलेसम्म प्रकाशित भएको थिएन।

भक्तपुर वादिमस्थान योलटोल बस्ने नियोगी जसरामले वि. सं. १४८७ मा एक रोपनी जग्गा किन्दा लेखिएको पत्र योभन्दा अघिल्लो लेखमा ५ सङ्ख्याको रूपमा छापिएको छ। तिनै नियोगी जसरामले २७ वर्ष जति-पछि दुइ रोपनी जग्गा बेची गरिदिएको फार्छेपत्र यो हो। जसरामको नामको अगाडि अघिल्लो पत्रमा कुह्लदोल लेखिएको र यस पत्रमा चाहिँ काह्लदोल लेखिएको छ।

मूलपाठ

१. सम्वत ५७७ श्रावणवद्धि १० वनमालाकार ˎ रामउव्हाकस्य नामना शकासात ˎ व्हाल्हटोल नियोगि जसराम(क)-

२. स्य नामनेन केनं स्वकियं स्वभूज्यमानिकं ˎ थानस्य उत्तरदिशप्रदेशे ˎ चत्राघाट ˎ वंथो श्रीसाक्ष्ड-विनायकस भुं (ये)-

३. थो शोत मुलमीया बु ˎ योथ्व ˎ यंथ्व श्रीराजकुलभुं ˎ श्वतेमधेश चोगो ˎ दुम्बाडोबलमसछेयं ˎ रोव नेपेक २ व --

४. विक्रयन थोस्य काया जुरो० ˎ देवकराजिकव्याघात प्र धार्ण्णकेन परिसोधनियं ˎ साथि ˎ धार्ण्णकया छय उदाख गि ...

□

# मखनटोलको गरुडमूर्तिको पीठको शिलालेख

(वि. सं. १६४०)*

**–महेशराज पन्त**

मखनटोलमा (हाल मूर्ति नभएका) नारायणको पूर्वाभिमुख मन्दिर छ। त्यस मन्दिरको अगाडि गरुडको पश्चिमाभिमुख शिलामूर्ति छ। त्यस गरुडमूर्तिको पादपीठ केही महीनाअगाडिसम्म पनि जमीनभित्र धसिएर रहेको थियो। दक्षिण एशियाली क्षेत्रीय सहयोगसङ्गठनको तेस्रो बैठक काठमाडौँमा हुने प्रसङ्गमा त्यतातिरको सडकको पनि सुधार गर्दा त्यस गरुडमूर्तिलाई जमीनभन्दा माथि उठाएर राखिएकोले त्यसको पीठको अभिलेख अहिले देखिन गएको छ। त्यस मूर्तिको तल्लो पीठमा उत्तर, पश्चिम र दक्षिणपट्टि गरेर अभिलेख कुँदिएको छ। उत्तरपट्टिको अभिलेख भएको ढुङ्गाको लम्बाइ र दक्षिणपट्टिको अभिलेख भएको ढुङ्गाको लम्बाइ २९ अङ्गुल छ र पश्चिमपट्टिको अभिलेख भएको ढुङ्गाको लम्बाइचाहिँ ५० अङ्गुल छ। चौडाइचाहिँ सबैको ९.४ अङ्गुल छ। अभिलेख फुटेर ठाउँठाउँमा पाठ

---

*यो लेख वि. सं. २०४४ माघ महीनामै छापाखानामा गएको हो। यसैबीच यो अभिलेख श्री ५ को सरकार पुरातत्त्व-विभागद्वारा प्रकाशित **प्राचीन नेपाल**को १०४ संख्याको नेपाली खण्डका १९–२४ पृष्ठमा श्यामसुन्दर राजवंशीद्वारा छापियो। तर **प्राचीन नेपाल**मा छापिएको पाठ कहीँकहीँ यथार्थ नभएकोले र त्यहाँ त्यस गरुडमूर्तिको कालको विषयमा लेखिएको कुरा पनि ठीक नभएकोले **प्राचीन नेपाल**मा छापिएको लेखबाट यो लेख गतार्थ नभएको ठानी छपाइएको छ।

खण्डित छ तापनि पढ्न सकिने जति पाठ पढी यहाँ प्रकाश गरिएको छ ।

उत्तरपट्टि

१. १ ॐ नमो नारायनाय ।।
२. वाहन ,, समेति करोतु कल्याण...
३. श्रीराजाद्धिराज ,, श्रीश्रीजयशिवसिं(हदेव प्रभु ठाकुर) श्रीश्री-
४. जयरणजितसिंहदेव प्रभु ठाकुरस विजयराज्ये ज्वजमान
५. श्रीखप्व , मंगलाछतोल ह्न,रछे , राजवंस उद्भव बाबुसन , श्री-
६. श्रीश्रीमाधव भत्राडसं ,, वसुबाधन आदिनयातं बु दुंता जुरो ।।

पश्चिमपट्टि

१. द बू रोव ४ चा -- ववके फं ४० बू रोव ५ × कादोल के फं ५५ बू ---------- बू रो ४ ...
२. रोव ६ के फं ६० गडबू रोव २ के फं २० गामक्व बल कर्ष २ जुरो ,, ब्रखप्रते थ्वते के प्यंदन ,, देवलहिक ब्राह्मणजु बिय
३. के फं ९९ × ब्राह्मणजुन निस्त्रपे , नित्यपूजा चेत सिध्र के ग्वड ,, नित्य मत ,, थ्वते ब्राह्मणजुन , निस्त्रपेमाल जुरो ।। ।। वसुबाध-
४. नयातं , के फं ३१ × थ्वते जाकेन , दानपत्रस चोङथ्यं निस्त्रपेमाल जुरो ।। ।। पुतछायातं के फं ३७ थ्वते जाकेन , दान-
५. पत्रस चोङथ्यं ,, निस्त्रपेमाल जुरो ,, ।। ।। एन्द्रजात्रायात ,, के फं ४१ थ्वते जाकेन ,, दानपत्रस चोग्वथ्य निस्त्रपेमा-
६. ल जुरो ।। ।। कार्त्तिकयातं जाके फं १५ थ्वते जाकेन ,, शिव थाय वो ,, अराग मेतं व जुरो ।। ।। सा छोनके
७. यात जाके फं १५ × थ्वते जाकेन ,, दानपत्रस चोग्वथ्यं निस्त्रपेमाल जुरो ।। ।। भुय ज्वजमान ,, हेलामयिसन ,, माहे-

दक्षिणपट्टि

१. लमयिसन ,, ग्वपिनिमयिसन ,, मालतिमयिसन ,, मधुलिकामयि-
२. सन दुंता ,, गामक्व बल कर्ष ४ जुरो ,, ब्रखंप्रते थ्वते बलया बलसान-
३. न ववथ्य ,, श्रीएन्द्रजात्रान ,, देवस हुङवने[१] बोय निसलाव जो पि ४ दो-
४. यकं ,, दानपत्रस चोग्वथ्यं निस्त्रपेमाल जुरों ।। ।। सम्वत् ७०३ आ-
५. षाढमासे शुक्लःपक्षे ।। तृतीयान्तिथौ ।। , ।। शुभ ।।

---

१. मूलमा हुङवनेको हु र ङ जोल्टाएर लेखिएको छ ।

ने. सं. ७०३ (वि. सं. १६४०) आषाढशुक्लतृतीयाको दिन शिवसिंह र रणजित्सिंहको विजयराज्यमा राखिएको यस अभिलेखमा माधव भट्टारक (मखनटोलका हाल मूर्ति नभएका नारायण) को पूजाआजाको लागि भक्तपुरका राजवंश उद्धव बाबुले गूठी राखेको बेहोरा परेको छ ।

मखनटोलको गरुडमूर्तिलाई लिच्छवीकालको अर्थात् विक्रमको पाँचौँ/सातौँ शताब्दीको[२] भनी कलैतिहासिकहरूले मानिआएकोमा त्यस गरुडमूर्तिको पीठमा भने वि. सं. १६४० को अभिलेख कुँदिएको देखिएकोले यस विषयमा अलि गहिरिएर विचार गर्नुपरेको छ ।

कुनै मूर्तिको पीठमा लेख कुँदिएको छ भने त्यस लेखको सम्बन्ध त्यही मूर्तिसँग हुन्छ भन्ने कुरा हामी सबैलाई थाहा भएकै हो । यस कारण हाम्रो यस गरुडमूर्तिको पीठमा कुँदिएको लेखको पनि त्यही मूर्तिसँगै सम्बन्ध हुनुपर्ने हो तापनि त्यस लेखमा गरुडमूर्तिको विषयमा कुनै कुरै नलेखी खालि माधव भट्टारकलाई गूठी राखेको कुरा मात्र लेखिएकोले कत्राट्ट हेर्दा हामी रनभुल्लमा पर्न जान्छौँ तापनि यस प्रश्नको समाधान गर्न नसकिने चाहिँ होइन ।

पीठमा अभिलेख कुँदिएका अरू कुन कुन गरुडमूर्ति छन् त भनी सम्झँदै जाँदा ह्युमतटोलको र मरुटोलको गरुडमूर्तिको सम्झना मलाई आउँछ । ने. सं. ७६१ [ वि. सं. १६९८ ] वैशाखशुक्लद्वादशीको दिन राजा लक्ष्मीनरसिंह मल्ल र उनका छोरा प्रताप मल्लको उभयराज्यमा मानसिंह भारो, तिनका भाइ मनोहरसिंह भारो र तिनीहरूका आमा मङ्गलीलक्ष्मीले गरुडमूर्तिको स्थापना गरे भन्ने कुरा ह्युमतटोलको गरुडमूर्तिको पीठमा स्पष्टसँग लेखिएको छ ।[३] यतापट्टि मरुटोलको गरुडमूर्तिको अभिलेखमा पनि, ने. सं. ८१० [ वि. सं. १७४६ ] कार्तिककृष्णपञ्चमीको दिन राजमाता ऋद्धिलक्ष्मी, राजा भूपालेन्द्र मल्ल र (उनका मन्त्री) लक्ष्मीनारायणले त्रैलोक्यमोहन नारायणको अगाडि गरुडमूर्तिको स्थापना गरे भन्ने कुरा स्पष्टसँग लेखिएको छ ।[४] यता हाम्रो गरुडमूर्तिको पीठको अभिलेखबाट भने ने. सं. ७०३ [ वि. सं. १६४० ] आषाढशुक्लतृतीयाको दिन शिवसिंह र रणजित्सिंहको विजयराज्यमा भक्तपुर मंगराछटोलका राजवंश उद्धव बाबुले र अरू ५ जना स्वास्नीमान्छेहरूले माधव भट्टारकको पूजाआजाको लागि गूठी

---

२. वि. सं. २०३० मा अस्कोनाबाट प्रकाशित, आर्तिबुस् आजिए [ एशियाका कला ] को ३५ वर्षका १–२ अङ्कमा छापिएको मेरी शेफर्ड स्लसर र गौतमवज्र वज्राचार्यको **सम् नेपालीज् स्टोन् स्कल्प्चर्ज् : ए रिअप्रेजअल् विदिन् देर् कल्चरअल् यान्ड् हिस्टरिकल् कन्टेक्स्ट्** [ पत्थरका केही नेपाली मूर्ति– संस्कृति र इतिहाससम्बन्धी सन्दर्भभित्र तिनको पुनर्मूल्याङ्कन ] भन्ने निबन्ध, सो अङ्कको १३७ पृष्ठ ।

वि. सं. २०३१ मा लाइडनबाट ई. जे. ब्रिलद्वारा प्रकाशित, प्रतापादित्य पालको **दि आर्ट्स् अफ् नेपाल्** [ नेपालका कला ] १ भागको ७२ पृष्ठ, ९९–१०० सङ्ख्याका चित्र ।

वि. सं. २०३९ मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, मेरी शेफर्ड स्लसरको **नेपाल् मण्डल** १ भागका १५८, २५१ पृष्ठ ।

३. वि. सं. २०४१ मा प्रकाशित **पूर्णिमा** ६० अङ्कको २८ पृष्ठमा छापिएको, महेशराज पन्तको **लक्ष्मीनरसिंह मल्लको र प्रताप मल्लको पालाको अप्रकाशित शिलालेख** भन्ने निबन्ध ।

४. वि. सं. २०१९मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको **इतिहास–संशोधनको प्रमाण–प्रमेय** मूल भागका २८२–२८३ पृष्ठ ।

राखेको कुरा मात्र बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने हाम्रो यस अभिलेखमा गरुडमूर्तिको स्थापनाको विषयमा एक शब्द पनि परेको छैन ।

हाम्रो गरुडमूर्तिको पीठको अभिलेखमा त्यस गरुडमूर्तिको स्थापनाको विषयको कुरै नपरेको र ह्युमतटोलको र मरुटोलको गरुडमूर्तिका पीठका अभिलेखमा भने त्यही त्यही गरुडमूर्तिकै स्थापनासम्बन्धी कुरा परेकाले हाम्रो गरुडमूर्तिको पीठमा कुँदिएको लेखको सम्बन्ध त्यस मूर्तिसँग छैन कि भन्ने देखिन गएको छ ।

यस विषयमा विचार गर्दै जाँदा हाम्रो गरुडमूर्तिको दोहोरो पीठपट्टि मेरो दृष्टि जान्छ र ह्युमतटोलको गरुडमूर्तिमा पनि हाम्रो गरुडमूर्तिमा जस्तै दोहोरो पीठ भएको कुरा उल्लेखनीय छ । यी दुवै गरुडमूर्तिमा दोहरो पीठ भए तापनि ह्युमतटोलको गरुडमूर्तिको माथिल्लो पीठमा[५] लेख कुँदिएकोमा हाम्रो गरुडमूर्तिमा भने तल्लो पीठमा लेख कुँदिएको कुरा उत्तिकै उल्लेखनीय छ । ह्युमतटोलको गरुडमूर्तिको माथिल्लो पीठमा लेख कुँदिएको र त्यस लेखमा त्यही गरुडमूर्तिको स्थापना गरेको कुरा परेकोले र हाम्रो गरुडमूर्तिको भने तल्लो पीठमा लेख कुँदिएको र त्यस लेखको त्यस गरुडमूर्तिसँग सम्बन्ध नदेखिएकोले हाम्रो गरुडमूर्तिको पीठको लेख पछिको हो भन्ने देखिन गएको छ ।

कलैतिहासिकहरूले शैलीको आधारमा हाम्रो गरुडमूर्तिलाई प्राचीन ठहऱ्याएकोमा हाम्रो गरुडमूर्तिको पीठको अभिलेख अहिले भेट्टाइए तापनि तल्लो पीठमा कुँदिएको, गरुडको प्रसङ्गै नपरेको त्यस अभिलेखको सम्बन्ध हाम्रो गरुडमूर्तिसँग छैन भनी निर्धक्क भन्न सकिन्छ ।

□

# नेपाली काँचो कागतमा लेखिएको वि. सं. १७१७ को पाटनको लिखतपत्र

—महेशराज पन्त

कागतको चलनचलती हुनुभन्दा अगाडि हाम्रो यतातिर ताडपत्रमा पुस्तकपत्र लेखिन्थे भन्ने कुरा हामीलाई थाहा भएकै हो । कागतको चलनचलती भइसकेपछि पनि लेनदेनका लिखतपत्र चाहिँ धेरै पछिसम्म पनि नेपालखाल्डोमा ताडपत्रमै लेखिने गरेको कुरा पनि हामीलाई थाहा भएकै हो । तर नेपाली काँचो कागतमा पनि लिखतपत्र यहाँ आकलझुकल लेखिन्थे भन्ने कुरा खोजी गर्दै जाँदा थाहा भएको छ । लिखतपत्रको प्रामाणिकताको लागि ताडपत्रमा जहाँनिर माटाको छाप लाइन्थ्यो, त्यहीँनिर कागतमा लाहाछाप मारिने चलन भएको कुरा यस प्रसङ्गमा स्मरणीय छ । यस्तो एउटा लिखतपत्र तल प्रकाश गरिँदैछ ।

---

५. दि आर्ट्स् अफ् नेपाल् १ भागको १०४ सङ्ख्याको चित्र ।

यस **लिखतपत्रको** माइक्रोफिल्म, नेपाल राष्ट्रिय अभिलेखालयमा छ। यसको रीलसङ्ख्या ई २१३६/२२ हो। यहाँ छापमा **श्रीश्रीनिवास मलदेवान** देखिन्छ र छाप अलिकति फरेको छ।

मूलपाठ

१. १ स्वस्ति ।। श्रीश्रीजयश्रीनिवास मल्लदेव प्रभु ठाकुरसन ˎ ह्वरोदोल ननि योतागृह प्रजापति लखम थकुरयातं खलंपि बु रोव षु ६ श्वतेया स्वंबोस छिबो ह्ङ[1]वया

२. लुंबु जुवस तोलतं बिया जुरो ˎ श्वतेया दृष्ट ˎ साक्षी ध्वप्वं गाडगृह अमात्ते विश्वराम भारोस ˎ लिखित दैवज्ञ उद्धवराज ˎ सम्वत् ७८० आषाढशुद्धि ४ जुरो ।।

□

# प्रतापसिंह शाहले ज्ञानदेव धामीलाई नुवाकोट–भैरवीसम्बन्धी पजनीको अख्तियार दिई गरिदिएको अहिलेसम्म प्रकाशमा नआएको पत्र

–महेशराज पन्त

श्रीदुर्गा सहाय

१

श्रीभैरवि

१. स्वस्ति श्रीमन्माहाराजाधिराजकस्य रुक्का = = = =
२. आगे ग्यानदेउ धामिके – – – – – विका मार्फत्का षेत् गु-
३. ठ जागिर. षलक्. दमायां. नगरा एतिको पजनि
४. तिमिलाइ बक्स्यौं जस्लाइ दि बन्दछ देउ. अरुले
५. पजनि गर्न पावँनन्. आपना षानिजामासित प-
६. जनि गर. इति सम्वत् १८३२ चैत्रवदि ४ रोज ७ शुभं

(बायाँपट्टि छेउमा छैटौँ पङ्क्तिमा उल्टो गरेर)

म् //

(यस लालमोहरको सकल भद्रकालीमा रहेको गूठीलगत तथा तहबीलकार्यालयमा छ।)

□

१. मूलमा ह्ङवयाको ह् र ङ जोल्टाएर लेखिएको छ।

# बिद्रोहपछि वि. सं. १८५० मा लच्याङका मुर्मीलाई थामिदिई गरिदिइएको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

श्रीदुर्गा सहाय १

श्रीभैरवि

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का———————
२. आगे. लच्याङका मु:बि. प्रजापति. तिमिहरुका गाउंका उ-
३. पद्रायाा. कुल् पस्ता तेस् हुल्मुल्मा जो साजिधुवा हुन्
४. काटिया. उन्का. कबिलालाई. आफ्नाआफ्ना जग्गामा
५. बस भनि फिराईबक्स्यंको छ. तिह्मरुको घरबारि. षेत. षो-
६. रिया. जो रह्याको आल्माल्. भागिगयाका जो छौ. आ-
७. पना घरबारिमा आई बस. धामिका मार्फत् – – – को
८. टहल परापूर्वको रित गर. ईति संम्वत् १८५० साल
९. श्रावणशुदि २ रोज ४ मुकाम कांतिपूर. शुभम्—

(पछिल्तिर)

मारफत रणजीत पांडे

(यस लालमोहरको सकल भद्रकालीमा रहेको गूठीलगत तथा तहबीलकार्यालयमा छ।)

□

# कास्की राज्यका संस्थापकको कुरा परेको, अहिलेसम्म प्रकाशमा नआएको पत्र

—महेशराज पन्त

श्री ५ जीजु जक्तीषान्

१. स्वस्ति श्रीगीरीराजचक्रचुडामणीनरनारायणत्यादीवीवीधवीरुदावलीवीरा-
२. जमानमानोनत्तश्रीमन्माहाराजाधीराजश्रीश्रीश्रीमाहाराजेगी-
३. र्वाणयुद्ध्वीक्रम्साहबाहादुरसंसेरजंगदेवानाम् सदा समरवीजयी-
४. नाम् ——— ——— ——— ———
५. आगे कृष्णा अधीकारीके — — ले कास्कीमा प्रवेस गर्दा तींरा[1] जी-
६. ज्युलाई. कास्कीकोट्को सुरो ७ सयमाको प्रोहीत् सर्वरकं माफ गरी दीया-
७. को रहेछ आज कमलापती अधीकारीका संतान्लाई हीजो पायाबमोजीं
८. थामीबक्स्यौ हाम्रो जय मनाई पुर्षोली[2] थीती जानी षातीरजामासीत भो-
९. ग्य गर ईती संवत् १८६० साल मीती भाद्रवदी ३ रोज १ सुभं ——— ———

(यस लालमोहरको नकल भद्रकालीमा रहेको गूठीलगत तथा तहबीलकार्यालयमा छ।)

□

१. नकलमा— **तीरा** ।
२. नकलमा— **पुर्बोली** ।

# वि. सं. १९९५ को नेपालको राजनीतिविषयका केही अप्रकाशित पत्र

— दिनेशराज पन्त

(१ सङ्ख्या)

*२१ जस्टिस चन्द्र माधव रोड*
*कलकत्ता*[1]
माघ २ गते

१.
२.
३.
४. स र्का र
५. भिक्षुक सिमरा वाट विदा भई पौष २७ गते वु धवार
६. को व्याहान क ल क त्ता आइ पुगे को खवर तार द्वारा जाहेर
७. गरी पठाए को हुं.
८. ज. शङ्कर सं शेर ज. व. राणाले वनारस वा ट हामी
९. ति नै ज ना भाई ला ई सुवर्ण तु ला को निम न्त्रणा तार द्वारा
१०. पठाइ व क्से को मा दा ज्यै ज्यू का छोरा गुरुरा ज खगे न्द्ररा ज उहीं
११. व नारस मा हुनाले र, यहाँ डाक्टरको औषधिसमेत चलि-
१२. रहे कै हु ना ले उहाँ दा ज्यै ज्यू सवारी भएन. भाई गुरुरा ज विश्वरा ज
१३. लाई अकस्मपनि ज्वर आउदै गरे को ले सट्टामा छोरा लाई
१४. व नारस पठाए. पहि ले देखी एक ज ना ऋत्वि कको पजनी
१५. आएको, सु वर्ण तु ला जस्तो काम को आफु लाई निम न्त्रणा
१६. समे त आएको, एक रा त को वा टो, श्री ३ वडामहारानी आफ्नै
१७. चे ली र धे रै वर्ष सम्म से वा शुश्रू षा समे त गरि रहे को समेत
१८. हु ना ले न जानु कृ तघ्न ता हो ला, जानु नै वढि या हो ला भ न्ने
१९. ठहरा ई छो रा लाई यहीं छोडी, पौष मासा न्त को दिन यहाँ वाट
२०. हिंडी माघे संक्रान्ति को दिन व्याहा न का शीमा पुगी, गङ्गा जीमा
२१. स्ना न स न्ध्या गरी भु ल न पु र को वा ल च न्द्र प्या लेसमा गएँ, त्यहीं
२२. [2]पूर्वा ङ्ग को काम ना नी छोरा गुरुराज खगे न्द्ररा ज ले गराएका

---

१. पहिलो र दोस्रो पङ्क्ति रोमनमा लेखिएका छन् ।

२. यस पङ्क्तिदेखि मूलको दोस्रो पत्र शुरू हुन्छ, त्यहाँ शिरमा २ लेखिएको पनि छ ।

२३. रहेछ न्. म पुगे पछि काम गराइदिने कुरा म लाई
२४. हुकुम भएको ले मै ले स वै त्यो दिन को काम गराइ दिएँ.
२५. श्र द्धासाथ का म भएको थियो, प्र स न्ने हो इ वक्सियो.
२६. सुवर्ण तु लामा ५४०० तो ला जति सुन चढ्यो. आचार्य
२७. लाई ३०० तोला, व्रह्मा लाई ६० यही क्रमसंग मण्डप भित्र
२८. का जम्मै लाईगरी ८७० तो ला वक्सियो. जम्मै ऋत्विक्
२९. हरू नेपा ली मात्र थिए. त्यो देखि वाहेक १००० नेपाली
३०. व्राह्मण हरू लाई आधाआधा तो ला का दर्ले ५०० तोला
३१. सुन त्यस्मा खर्च भयो. वाकी रहेको सुवर्ण को प्रामीसरी
३२. खरीद गरी त्यस्को व्या ज वाट वि द्या पढ्ने वि द्या र्थी ला ई प्रति
३३. वर्ष वक्सने विचार गरि व क्से को छ भन्ने अरु बाट सु नें.
३४. सं क ल्पमा धर्म कार्य मा भ न्ने वो ली परे कोछ.
३५. मण्डप भि त्र वावुहजुर विष्णुसंशेर र वावु साहे व
३६. युवरा ज जङ्ग का छोरा (पटि या ला रा जा का ज वाई) वाहे क
३७. अरु सवै सपरि वार जनर लसाहे व हरू भि त्रै रा ज भएको
३८. थियो. सपरि वार भूपा लसंसेर जङ र, श्री वलरामपुर
३९. की वा वामहारानी पनि राजभएको थियो. क. कर्णविक्रम
४०. आदि माइति हरुपनि हुनु हुन्थ्यो. एक जना केही प्रति ष्ठै
४१. पाए की माई जी पनि रहीछ न्, ति नी मण्डप वाहिर मे चमा
४२. थिई न्. वावु हजुर हरू काम सिद्धिएपछि मण्डप वाहिर
४३. सवारी भएर फोटुहरू खिकी वक्सि यो यी सवै छोरा हरूले
४४. गर्न दिए र मेरो इ च्छा पुग्यो भ न्ने हुकुम हु न्थ्यो.
४५. [३]नेपा ली १००० जना व्राह्मणथिए, नी जहरू लाई मिठाई
४६. दही फलफुल त र्का री आदि राम्रं किसम को खुवाउने
४७. प्रबन्धथियो. "सुवर्ण तु ला को द्रव्य ले का शीमा
४८. नेपा ली को एउटा धर्म शा ला व नोस्. व न्ने भए तिमी
४९. हरू सवै ले जानू. न भए न जा नू भनी ३।४ दि न अघि
५०. देखी वरावर मुरली भ न्ने देशद्रो हीले व नार स मा लेक्चर
५१ दिइ राखे का थिए रे. तर सो कुरा नसु ने र नैहोला
५२. १००० व्राह्मणमा २०।२५ जनामात्र खुवाउने वखत
५३, सम्म आइपुगेका थिए न न् अरु त सवै जम्मा नैथिए.
५४. १०/१५ जना त्यहा हाजिर भएका व्राह्मणहरू ले हामी

३. यस पङ्क्तिदेखि तेस्रो पत्र शुरू हुन्छ, त्यहाँ शिरमा ३ लेखिएको पनि छ ।

५५. नेपाली को यहाँ धर्म शाला नहु नाले सारै दुःख छ
५६. भनो कराएका थिए. के ही ज वा व भएन. ब्राह्मण
५७. मा त्र १००० जना व नारस का वासि न्दा पुग्नु त नस क्यै हुन्,
५८. तर सुवर्ण तु ला को ह ल्ला ले नेपा लतिर वाट नि क्कं नै आएका
५९. रहेछन्. भूमि आदि दानमा गरी आ चा र्य लाई कं रु २४०० जति अरुपनि थियो.
६०. १ वजि सक्यो ब्राह्मण द्वारा रो टी त र्का री तयार पार्न
६१. लाउछु, ज्यू नार भएर जा नु भए वढि या हुन्थ्यो भन्ने हुकुम
६२. भए को ले एकछि न वसी खाने कुरा तयार भएपछि हामी
६३. सवै गुरु ज्यू हरू ले पनि त्यही देवा लयमा वसेर रोटी त र्कारी
६४. फल्फुल हरू खा एर आयौं, हामी हरू लाई आउती जाति
६५. रे ल भाडा समे त मिल्यो. काम गराउनु भएको चिन्ह भनि
६६. म लाई १।२ रत्ती को होला हिराको औंठी पनि वक्सियो.
६७. [४]त्यती भएपछि आ जै क ल क त्ता जा न्छौं भनी विदा भई
६८. सोही दिन प ञ्जा व मे लमा चढी आ ज व्याहान क ल क त्ता
६९. मा म र भाइ कोछोरा आइपुग्यौं.
७०. मे रो छोरा को वारेमा आ जं डाक्ट र हरू लाई देखाउने
७१. निश्चय भएको ले देखाउने काम गरें. "फुट् वा ल ले जोड संग
७२. लागे को ले अपेन्टिसाइटिस् हुने ठाउमा पनि अघि को क्का ले
७३. केही ज्यादै दुखे को भएपनि अैले जाच्ता त्यहाँको खरावी
७४. केही देखिदैन. एक्स्रे भए पछि प क्का निश्चय होला. हर्निया
७५. हुने ठाउँ को पर्दा फाटे को ले हर्नि या भने भए कै रहेछ. केही
७६. दिन वाहिर को उपचार ले र ट्रस्ले फाइदा होइ जान्छकि हे रौं,
७७. भए न भ ने पछि फेरी जाचेर जे गर्नु प र्ने गरौं ला. एकतिर को
७८. अण्ड फु लेर आएको पनि त्यही को क्काले हुन सक्छ. लिङ्ग
७९. भि त्र मासु वढि टासिए को रहेछ. सुची गर्दा वल गरे र मात्र
८०. सुचि वाहिरनिस्कदोरहेछ. यस्ले पनि अण्ड सुनि नेहु न्छ,
८१. यस्तो राखनाले पछि लाई खराप हुन्छ, अघि कै ले देखी भएको हो
८२. पहि ले नै हुन पाए को भए क न् वढि याथियो. अरु पनि चाडो
८३. अपरेस न् गरिहा ल्नु वढिया छ. ठूलो अपरे स न् होइन. ८।१०
८४. दिनमाठीकहु न्छ" भनेको ले सो चाडो गराउने व न्दो वस्त गर्ने छु.
८५. स र्का रको शुभचि न्त क–
८६. हेमरा ज शर्मा

४. यस पङ्क्तिदेखि चौथो पत्र शुरू हुन्छ, त्यहाँ शिरमा ४ लेखिएको पनि छ ।

(२ सङ्ख्या)

९५ माघ २ गते[5]

स र्का र

"ज न ता" ले फेरी पनि १२ जनवरी मा एउटा लामै लेख लेखे को रहेछ. सो सर्कारमा जाहेर भइ सके को हुनुपर्द छ. त्यसै ले कटिङ्ग चढाइ नपठाए को हुँ. अरु अ क वार हरू वि क्री हु ने ६।७ ठाउमा यो 'ज न ता' को साप्ताहिक पत्रपनी वि क्री हुदो रहेछ त्यो लि न नेपा ली हरू को को आउदा रहेछ न्. भ नी प्रति शु क्र वार ती ती ठाउमा मानिस हरु पठाउने गरेकोछु. १ ज ना दे शी मानिस पटना तिर पठाइ स के कोछु. वास्तवमा पहि ले मानिस चिन्हे कोशिसमाछु. शिवरा त्री भन्दा पहिले के ही लेख लेखाउनु भन्दा शिवरा त्री भन्दा पछि त्यहा वाट फर्केर आएका मानिस वाट नेपाल को परिस्थिति आखाँ ले हेरे र आए पछि लेखे को जस्तो पारी केही लेख्नुप र्ने लेख्न लगाउनेछु. यो काम भिक्षुक ले गर्न लागे कोकुरा विल्कु ल कसै लाई थाहा न भएमात्र केही न केही यस भिक्षुक लेसेवा को कार्य गर्न सक्ला. शिवरात्रीमा आएका यात्री को अरु सा ल भन्दा यस सा ल को प्र व न्धमा केही विशेष भइदिए यस्को मूल जरा लाई चाडो काटि नसकिई फूट सावि त गराउन वि शेष मुस्की ल प र्ने छै न. कांग्रे स का मानिस् कोही आएपनि स त्कारै को दृष्टि ले हेरीदिए वढिया हुनेछ भन्ने भिक्षुकका चित्तमा [6]लाग्छ. सुवर्ण तु ला को द्रव्य लि न आए का ब्राह्मण लाई त्यहा न जाऊ भ नी मुरली ले हट क तै मा फन् त्यस्को असर कहि ले पर्न सक्थ्यो. ठाँऊ र मौकामा नपरी कुनै कुरा ठी क हुनसक्तैन. "हे र हे र तिमी हरु ले पाउन ला एको मा न जाऊ भनि हृ ट्किदि ने कस्तो खराप मानिस हगी" भनी को ही मानिस द्वारा का शी मा कुरा उठाउनपनि लगाएकोछु मुर ली सारै खराप मानिसहो भनी भि क्षुक ले अघि वाटै जाहेरपनि गरे को हुं, अ ले त वनारस मा वाइसि क ल् चढेर यताउति गई दौढी व क्तृ ता दि नेपो भए छ.

---

५. पहिलो सङ्ख्याको पत्र र दोस्रो सङ्ख्याको पत्र एकै दिन लेखिएका हुन् र २ सङ्ख्याको पत्रदेखि पाँचौँ पत्र शुरू हुन्छ, त्यहाँ शिरमा ५ लेखिएको पनि छ ।

६. यस पङ्क्तिदेखि छैटौँ पत्र शुरू हुन्छ, त्यहाँ शिरमा ६ लेखिएको पनि छ ।

३०. यही क ल क त्ता मा पनि ८२ सी. कासारीपाडा भ वा नी
३१. पुर मा ए उटा प्रताप मैमोरिय ल इस्कुल खो ल्ने कुराको
३२. इस्तिहार निस्के को छरे (सायद प्रताप संसेरको नाम बाट खो ल्ने
३३. होला. ) इस्ति हार खो ज्न मानिस पठाए कोछु. त्यो इस्तिहारमा
३४. नेपाल मामानिस पढ्नपाउदैनन्. त्यसै ले यो खो ले को भन्ने छ
३५. रे. के ही मह ु ने लाई त्यसै, हुने बाट २० रुपैं या लिएर खानपनि
३६. दिने, पढाइपनि दिने भन्नेकुराछ रे. भे ट नारा यण को तर्फ
३७. बाट कुरा उठे जस्तो ह ल्ला सुनिन्छ. परिणाममा हुने कुरा केही
३८. नभएपनि यस्ता यस्ता किसमका *प्रप्अग्यान्ड* ° निस्कन
३९. लागी रहेछ न्. दे श को हावा नै खराप भइआ इस के कोछ.
४०. ति नी हरुको संसर्गले नेपा ली हरु पनि लही लहोमा लागे का छन्
४१. परि णाममा मुख्य ली डर को हो त्यसै लाई चिन्नु पर्दछ । त्यसो भए
४२. काम गर्न सजि लो हुनेछ भ न्ने भि क्षुक को चि त्तमा लागे कोछ. ।
४३. सर्कार को भ क्त– हेमरा जशर्मा

(३ सङख्या)

१. क्यां प क श्रा
२. ७ मा घ १९९५
३. गु रु ज्यु,
४. ज न व री १२ ता रि ख को ज न ता मा ने पा ल को बा रे के हि ले ख फे रि छा पे को र हे छ भ नी
५. ले ख नु भ ए को प त्र आ ई पु ग्यो. सो अ ख बा र आ या को छैं न. सा य द प छि आ उ ला.
६. ह प्तै पि छे ध रा व र ले ख नि का ल्न ला गे को र ले खा इ को ढा चा ले प नी सो अ ख बा र--
७. बा ला ला इ उ का स्ने च म्का उ ने मा नि स को हि न को हि छ भ न्ने अ नु मा न् हु न्छ. के ही
८. चा ल न दि यी खो जी प स्तु भैं मा नि स प त्ता ला उ ने को सि स हु न ला गे को
९. ब ढि या हो. शि व रा त्री को मे ला मा आ उ ने या त्रु ह रु का सु बि स्ता नि मि त्त
१०. रा म्रो प्र ब न्ध भ यो भ ने त्य स बा ट मा नि स ह रु को दि ल मा बे स प्र भा व प र्ने
११. हु न्छ भ नी ले ख नु भ ए को मु ना सि ब हो. चा हि ने ब न्दो ब स्त रा म्रो ग री
१२. मि ला उ नु भ नी क म्या ण्ड र इ न ची फ ला ड ले खि प ठा उ ने छु. छ पा उ न त ज वि ज
१३. ग र्नु ला ग्नु भ ए को कु रा शि व रा त्री प छी ग र्न ठी क प र्ला
१४. कि भ न्ने आ स य ग र्नु भ ए को ला इ वि चा र ग री हे र्दा जं ले ग र्ना ले
१५. आ फ्नु मु रा द हा सी ल हुने हु न्छ. सो ब मो जि म ग र्नु हो ला. शि व रा त्री
१६. प छी जा त्रु ह रु को कु रा बु झी प छी नै ग र्नु ब ढी या हो.

---

७. यो रोमनमा लेखिएको छ ।

१७. का शी मा थ डा म हा रा नी भा उ ज्यू वा ट सु व र्ण तु ला ग रि व वसे को मा
१८. नि मं त्र णा आ इ जा नु हु दा दे खि ए को र वु झि ए को ख व र
१९. ले ख नु भ ए को प त्र प नि पा यां. दा न को का म रा म्रो हि सा व स ग भ ए छ.
२०. वे स भ यो.
२१. छो रा गु रु ज्यू ला इ अ ण्ड को अ प रे स न चा डो ग री डा क्ट र ह रु वा ट रा म्रो
२२. ग री ज चा इ अ रु वि मा री को अ प रे स न औ स धी ग र्न ला ग्नु भ ए चा डं नै
२३. फा इ दा हो ला भ न्ने ला गे को छ.
२४.
गु रु को कु स ल चा ह ने शि श्य
२५.
साइन्ड्[८] शि क्ष श्री ३ जु द्ध

(४ सङ्ख्या)

१.
२१ ज स्टिस् चन्द्र माधव् रोड्[९]
२.प्राइभेट्
कल्कत्ता[१०]
३.
माघ ९
४. स र्का र,
५. निगाह भए को माघ ७ गते को करुणा पत्र अै ले पाएँ।
६. १२ तारिखमा छापिए को ज नता को कटिङ सर्कारमा दाखिला भए कं होला
७. भ न्ने अभिप्राय ले मै ले चढाइ नपठाउनु सारैं भुलभएछ. आइन्दा लाई
८. दो हरोपरे पनि चढाइ पठाउनेछु. सो कटिङ यसैसाथ चढाइ पठाएको
९. छु. वेहोरा त्यसै वाट जाहेर हु न्यैछ. सो लेखमा मानिस भट् काउ ने
१०. कुरा प्रशस्तैछ. ध्या नमाराख्नु प र्ने कुरापनि प्रशस्तैछ न्. यो लेख
११. पठाउने मानिस या त शु क्रराजै हो, या यतै आइरहे को नेवाली हुनुपर्छ.
१२. यो लेखमा संस्कृत को ल व ज धेरै नै छ. हिन्दी पनि राम्रै छ. १० तारिख भ न्दा
१३. अगाडी आइरहे को भए म विन्ति चढाउन सक्तीन. जन ता आफिसमा
१४. का ठमाण्डू को छाप लागे को कु नैचिठी प त्र वा रजिष्टरी १० ता रिख ज न वरी
१५. यता जनता आफिसमा गए क़ोछैन. यो खवर पटना मा रहे को कु नै
१६. मानिस वाट सू च ना पाएकोछु. देशीमानिस भनु भने "ठूलो हजुर, सा नो
१७. हजुर, जरसाप सानो जरसा प" भनी यस्तो लेख लिख्ने थिए न. त्यसैले
१८. नेपा ली त प र्क हो. को हो पछि खु ल्नैछ भ न्ने उमेद छ. यहाँ का को ही
१९. को टी भे द् नारा न् लाई शङ्का गर्दा रहेछन्. त्यो मानिसस न्देह को पा त्रै हो.

---

८. यहाँ रोमनले एस् डी मात्र लेखिएको छ।
९. यति रोमनमा लेखिएको छ।
१०. यो रोमनमा लेखिएको छ।

त र, भे ट नारायण ले छपाए को *प्रताप् मेमोरियल् नेपालिज् स्कुल्*[11] को नोटिस को लेख को *स्टाइल्*[12]संग यो लेख को *स्टाइल्*[13] मि ले जस्तो लाग्दैन. भेटनारा न् त्यतिसम्म को हि न्दी लेख्न पनि स क्तै न रे. भेट नारान्को भा ई सत्य नारायण पनि यही रहेछ. वी. ए. पास गरे को छरे. " दाज्यै को उपा धि ले गर्दा हामी लाई समेत दुःख भयो. डाइ रे क्टर लाई लेखीपठाए को उत्तर आए न. नेपा ल जानपाए जा न्थें भ न्छरे. त्यस्को दोस्तभई को हो मानिस साथमा हिंडो रहेछ. सायद् त्यसातिर बाट भए केही दिन वाद कुरा खुल्ने आशा छ. भेट नारा न् ले छपाएको इस्कु ल खो ल्ने नो टिस् [14] यसै साथ चढाइपठाएकोछु. वेहोरा त्यसैवाट जा हेर हुन्यैछ. त्यो पे ट पा ल्ना को युक्ति मा त्र गरे को हो कि भ न्ने लाग्छ. त्यस्को स रका र कसै ले गरे को वुझिदैन. कल क त्ता जस्तो ठाउमा च ल्ला जस्तो पनि लाग्दैन. माम ला लडे को वारे मा जो त्यो भ ने लि ने, हारे के ही नलि ने हिसा व संग व कील ले मामला वो को लडे को वुझि न्छ.

मे रो हा र्ट को वारे मा पनि जचा एँ. फो टु पनि लिएँ. पो हर भ न्दा के ही खराप छ भनि भ न्दछ न्. अ च का ल अलि अलि दुखे को छ. हिंड् दा स्वास फुल्दछ वा याँ हा त अधि इ न्जाइ ना भए मा दु खे जस्तो त होइ न, त्यस्तै किसम को दुखा ई अलि अलि भइरहेछ । छोरा ला ई इ न्फुलि ञ्जा भए को ले अपरेस न् हुन पाए कोछैन. यो नि को भएपछि ग रूँ ला भनि डा क्टर ले भने को छ । अरु हा ल यथास्थि तैछ ।

सर्का र को शुभचिन्त क–
हेमरा ज शर्मा

ॐ[15]
*प्रताप् मेमोरियल् नेपालि'ज् स्कुल्*
*(फ्री फर् द पूअर्)*[16]
*८२ सी कन्सरीपारा रोड्*[17]

---

११. यति रोमनमा लेखिएको छ ।

१२. यो रोमनमा लेखिएको छ ।

१३. यो रोमनमा लेखिएको छ ।

१४. यस पङक्तिदेखि दोस्रो पत्र शुरू हुन्छ, त्यहाँ शिरमा २ लेखिएको पनि छ ।

१५. यो पर्चा मुद्रित हो ।

१६. दोस्रो र तेस्रो पङक्ति रोमनमा लेखिएका छन् ।

१७. चौथो पङक्ति हातले रोमनमा लेखिएको छ ।

५. भवानीपुर् कल्कत्ता[१८]
६. बु झे:–
७. काम लाग्ने; शुद्ध विद्या माग्ने श्री नेपाली सुपुत्र हरू
८. देश भित्र को ' दर्बार स्कूल ' मा ठाउं न पाई, देश बाहिर
९. पढ़न जान पनि, न बुझिने विदेशी भाषा ले पढाइ हुने
१०. ठाउंहरू मात्र हुंदा अनुकूल न पाई अड्की विवश हल्ली रहन
११. करँ लाग्दो, मनुष्यत्व छिटो छिटो छुट्टयाई रहन परेका देखदा
१२. प्रताप् मेमोरियल् नेपालि'ज् स्कुल्[१९] , नेपाल भित्र का र बाहिर
१३. का सारा श्री नेपाली सुपुत्र हरू लाई, खीजे अनुसार,
१४. ताकत ले भेटाए अनुसार, कं० रू० बीस मात्र मा पुष्टिकर
१५. खान– स्वास्थ्यकर वस्न समेत हेर्विचार साथ, गरीब फन बे-फी
१६. मा, नेपाली भाषँ मा विद्या प्रकाश दिन सेवा मा रहेको छन्.
१. रत्न घोज् प्रधान्[२०]
२. १०, मछुवा बजार्
३. कल्कत्ता
४. रत्न घोज् प्रधान्
५. १२. दास् गुप्त
६. लेन्
७. कल्कत्ता

(५ सङ्ख्या)

१.
२.

क्यां प से र गं ज
१९ मा घ १९९५

३. गु रु ज्यू
४. मा घ ९ गते ले ख नु भ ए को प त्र सो सा थ ज न व री १२ ता रि ख को "ज न ता" को क टी ङ
५. स हि त आ इ पु ग्यो. सो क टि ङ मा छा पि ए को ले ख ने पा ली क सं को हो ला ज स्तो छं न. ले ख
६. हि ंदी रा म्रो ग री ले ख न जा ंने मा नि स को हो. त्य स्तो ले ख र त्य स्ता कि सि म को कु रा अ ज मा उ न
७. श बने शु क्र रा ज छ. त्य स ला इ अ हि ले त्यो कि सि म को ले ख ले खी प ठा उ न पा उ ने अ व का स छं न.
